(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारले काजमा खटाएका कर्मचारीहरूको पदाधिकार निज जुन कार्यालयबाट काज खटिएको हो सोही कार्यालयको दरबन्दीमा रहनेछ ।

(३) समितिमा काज खटिएका कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको सूचना समितिलाई दिनेछ ।

(४) समितिमा काज खटिएका श्री ५ को सरकारको कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाही निजामती सेवासम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) समितिमा काजमा खटिएका श्री ५ को सरकारको कर्मचारी-लाई विभागीय कारवाही गर्नुपर्ने भएमा समितिले सो कर्मचारी उपर कुन आरोप लागेको हो त्यसको स्पष्ट कारण खुलाई विभागीय कारवाहीको लागि श्री ५ को सरकारमा पेश गर्नुपर्नेछ ।

९. पारिश्रमिक र भत्ताः (१) समितिका कर्मचारीहरूले तोकिएबमोजिम पारिश्रमिक पाउनेछन ।

(२) समितिको बैठकमा भाग लिएबापत समितिको अध्यक्ष, सदस्य वा सदस्य-सचिवले तोकिएबमोजिम बैठक भत्ता पाउन सक्नेछन् ।

१०. समितिको कोषः (१) समितिको एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठेको रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (ख) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(४) समितिको कोषको संचालन तोकिएबमोजिम हुनेछ ।

११. लेखा र लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।





(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाँउन सक्नेछ ।

१२. अधिकार प्रत्यायोजनः (१) समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव, दफा ६ बमोजिम गठित उप-समिति वा समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१४. पुरातात्विक वस्तुको स्वामित्वः पाटन संग्रहालयमा रहने पुरातात्विक वस्तु-हरूको स्वामित्व श्री ५ को सरकार, पुरातत्व विभागमा रहनेछ ।

१५. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

१६. समितिको कार्यालयः समितिको कार्यालय ललितपुरको मंगलबजारमा रहनेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव